<u>मिति २०८३/६/८ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु</u>

१. वडा पुनः संरचना सम्बन्धमा।

२. उपभोक्ता समिति दर्ता सम्बन्धि कार्यविधि २०८३ सम्बन्धमा।

३. रिक्त दरवन्दी पदपूर्तिको लागी प्रदेश लोक सेवा आयोजमा माग गर्ने सम्बन्धमा ।

४. स्मृती गेट निर्माण सम्बन्धमा ।

५. सतर्कता अपनाउने सम्बन्धमा ।

*निर्णयहरु:-*

<u>निर्णय नं. १</u>

प्रस्ताव नं .१ माथि छलफल गर्दा मिति २०८३/३/४ र मिति २०८३/५/१७ गतेको कार्यपालिकाको बैठकबाट वडा संख्या हेरफेर तथा थपघट गर्ने सन्दर्भमा भएको निर्णय अनुसार नगरपालिका क्षेत्र भित्र आवश्यक्ता अनुसारका वडाहरुमा रहेका टोल वस्तीहरु हालको पायक पर्ने वडामा समावेश गरी वडा सिमा तथा संख्या निर्माण गर्ने प्रयोजनको लागि गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ को दफा ३ को (२) का आधारमा कुनै टोल वस्तीहरुलाइ अर्को वडामा समावेश तथा भौगोलिक अवस्थाका आधारमा सेवाग्राहीहरुको सहज पहुँचका लागि हालका वडाहरु विभाजन गरी २२ वटा वडाहरु बनाउने गरी प्रतिवेदन तयार गरी पेश गर्ने भनि निर्णय भएकोमा अध्ययन समिति सहितको उपस्थितिमा विभिन्न वडामा भएको भेला समेतका आधारमा तपशिल अनुसार गर्ने गरी नगरपालिकाले कुल १८ वटा वडा बनाउने गरी जिल्ला समन्वय समितिको कार्यालय अ.खा.को च.नं. ५८ मिति २०८३/५/२६ गतेको पत्रमा उल्लेख भएबमोजिम यस नगरपालिकाको खाका उक्त कार्यको लागि नियुक्त परामर्शदाता मार्फत प्रतिवेदन तयार गरी सोही मापदण्डको दफा ५ बमोजिमको अध्ययन समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

तपशिल

| हालको वडा नं. | संसोधन/ बिभाजन हुने नहुने | विभाजन भइ थप हुने संख्या | नयाँ वडा निर्माण गर्दा समावेश हुने वडाको टोल वा क्षेत्र | पुनःसंरचना पश्चात वडा कार्यालय रहने स्थान |
|---|---|---|---|---|
| १ | नहुने | ० | हालको वडा यथावत रहने | यथावत |
| २ | नहुने | ० | हालको वडा यथावत रहने | यथावत |
| ३ | नहुने | ० | हालको वडा यथावत रहने | यथावत |
| ४ | हुने | १ | साविक ठाडा गा.वि.स. वडा नं. ३ को कोप्चेवास मालिका मन्दिर तलको कच्ची | थप भएको वडाको वडा कार्यालय |

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपी

| | | | | |
|---|---|---|---|---|
| | | | मो.वा. र कोप्चेवास डम्पीङ्ग साइडको पश्चिम तर्फको खोल्सी पानीमारे पचासे हुँदै गंगाखोला कोप्चेवास गोर्जी मो.वा.को खोल्सी हुदै भाविन खोला बाजागरा मरेङ्गघाट शितखोला धौलियादिप साविक वडा नं. ३ पुर्वतर्फ हालको १३ नं. वडाको सिमाना पश्चिमतर्फ साविक ठाडा गा.वि.स.वडा नं.३ र साविक ठाडा गा.वि.स.को वडा नं. ५ सिमाना, साविक ठाडा गा.वि.स.वडा नं.४ को रानाखोला हुदै कर्मेरेखोला सिमाना रहने गरी एक वडा थप निर्माण गर्ने ।<br>उल्लेखित क्षेत्र बाहेकको हालकै वडा नं. ४ यथावत राख्ने । | भेडामारा र अर्को हालको स्थानमा |
| ५ | हुने | १ | साविक गाविसका वडा नं. १,२,३ को एक वडा थप निर्माण गर्ने ।<br>उल्लेखित क्षेत्र बाहेकको साविक गाविसको वडा नं. ४, ५ र हालको वडा नं. ६ मा रहेको साविक गा.वि.स.को वडा नं. ६ का केही पयक पर्ने टोल वस्तीहरु हालको वडा नं. ५ मा समावेश गरी हालको वडा नं. ५ कायम गर्ने । | थप हुने वडाको वडा कार्यालय गल्दामा र अर्को हालको स्थानमा |
| ६ | हुने | ० | हालको वडा नं. १० को डिही बस्तीको २० घर सहितको क्षेत्र हालको वडा नं. ६ मा समावेश गर्ने त्यसैगरी हालको वडा नं. ७ को सिसावगर वस्ती र क्षेत्र वडा नं. ६ मा समावेश गरी हालको वडा नं. ६ कायम गर्ने । | हालको स्थानमा |
| ७ | हुने | ० | हालको वडा नं. ९ का साखिने, कानाचौर र औले दमारका ३३ घर सहितको क्षेत्र वडा नं. ७ मा समावेश गरी हालको वडा नं. ७ कायम गर्ने । | हालको स्थानमा |
| ८ | हुने | ० | हालको वडा नं. ९ को तिनखण्डे गाउँ देखि पश्चिमका वस्तीहरु (जरायोखस्नेडाँडा सिमाना) र क्षेत्र हालको वडा नं. ८ मा समावेस गरी हालको वडा नं. ८ कायम गर्ने । | हालको स्थानमा |
| ९ | हुने | १ | चिदिचौरडाँडा साविकको सिमाना हुदै मथुराडाँडा हुदै वडा नं. ८ को सिमाना देखि दक्षिण क्षेत्रको | हालको वडा कार्यालय संचालनमा |

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश

प्रमाणित प्रतिलिपी

| | | | | |
|---|---|---|---|---|
| | | | सिस्ने, पाकुरी, लामिदमार, ठाडखोला, कालधारे, देउराली, मिठेआप, गगटे हुदै सुन्दर बस्ती, नयावस्ती खारघाट क्षेत्र बनाउने र वडा नं. ११ को चुरेनीरह पानीढालडाँडा हुदै गरुणभिर कालोगैराडाँडा हुदै दक्षिणको हाइवे गल्छी कटिङ्ग हुदै धानखोला सिमाना हुने गरी जावुनेवास भक्कुचोक धानखोला वस्ती तथा क्षेत्र हालको वडा नं. ९ मा समावेस गरी हालको वडा नं. ९ कायम गर्ने ।<br>पूर्वमा हालको वडा नं. १० को सिमाना सिद्धारा, तल्लो सिद्धारा हुदै उत्तरमा सितखोला हुदै कानाचौरको सामुदायिक वनको सिमाना हुदै तल्लो छहरे हाल वडा नं. ९ को सिमाना हुदै पश्चिममा वडा नं. ८ को सिमाना हुदै गुरुङ्गडाँडा- जरायो खस्नेडाँडा हुदै मथुरा खोला डाँडाको पानीढाल उत्तर हुदै चिदिचौर गाउ समेत वडा नं. १० को सिमाना सम्मको क्षेत्र, मा साविक वडा नं. ७ र ८ को कानाचौर साखिने औले तिनखण्डे रङ्गले क्षेत्र बाहेकको बस्ती तथा क्षेत्रलाइ समेटी थप वडा कार्यालय बनाउने । | रहेको लामिदमारमा र नयाँ प्रस्तावित वडा कार्यालय लौरीमा कार्यालय रहने । |
| १० | हुने | ० | हालको वडा नं. १० को डिही वस्ती वडा नं. ६ मा समावेश गर्ने । | हालको स्थानमा |
| ११ | हुने | १ | धानखोला हाइवेको गल्छी कटिङ्ग देखि पूर्व कालागैराको पानीढाल दक्षिण गरुणभिरको दक्षिणपाखा हुदै हालको वडा नं. ९ र १० को सिमाना हुदै साविक वडा नं. ६ को पोखेडाँडा दरवारे क्षेत्र हुदै दक्षिणमा कुचुवाखोलो सम्मको भू-भाग हालको वडा नं. ११ कायम गर्ने ।<br>साविक सिद्धारा गा.वि.स.को वडा नं. ५ को सम्पूर्ण क्षेत्र र हाल शिनपा १२ को रानीकुवा र सानेवासे क्षेत्र सिमाना शिवालय मन्दिर चौपारी देखि बाघमन्टे सामुदायिक वनको सिमाना देखि टर्रे खोला सम्मको भू-भाग समेटी थप वडा कार्यालय बनाउने । | हालकै वडा कार्यालय खयरभट्टीमा रहने र थप हुने वडा कार्यालय टिक्करीमा रहने । |

| | | | | |
|---|---|---|---|---|
| १२ | हुने | ० | वडा नं. १३ को भंगाला टोलका ३६ घर धिरिखोला बाध सिरान देखि मोटरबाटो कायम गरी दक्षिण तर्फ कपिल्वस्तु पडरिया सम्मको बस्ती तथा क्षेत्र वडा नं. १२ मा समावेश गर्ने । | हालको स्थानमा |
| १३ | हुने | ० | भागाला क्षेत्र तथा वस्ती वडा नं. १२ मा समावेश हुने । | हालको स्थानमा |
| १४ | नहुने | ० | हालको वडा यथावत रहने | यथावत |

निर्णय नं. २

प्रस्ताव नं .२ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको उपभोक्ता समिति दर्ता तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं .३ माथि छलफल गर्दा प्रदेश लोकसेवा आयोग लुम्विनी प्रदेश बुटवलको च.नं. २२६ मिति २०८३/५/३१ गतेको पत्रबाट रिक्त पदको माग आकृती फाराम पठाउन भनि लेखि अएकोले नेपाल सरकारबाट स्वीकृत दरवन्दी अन्तर्गत हाल रिक्त रहेका पदहरुको माग आकृती फाराम भरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं .४ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र स्वर्गीय प्रतिष्ठित समाजवेवी/सहिदको नाममा कुनै सार्वजनिक क्षेत्र भित्रका सडक वा भौतिक पूर्वाधार क्षेत्रमा स्मृती गेट तथा शालिक निर्माण गर्दा नगरपालिकाको स्वीकृती लिएर मात्र तपशिल बमोजिमको मापदण्ड अनुसार गर्ने गराउने निर्णय गरियो ।

तपशिल

- गेटको माथिल्लो भागमा सडक वा भौतिक संरचनाको नाम मात्र लेख्नु गर्नु पर्ने ।
- गेटको पिल्लरमा गेट निर्माण कर्ताले लेख्न चाहेमा स्वर्गीय प्रतिष्ठित समाजवेवी/सहिदको नाम लेख्न सक्ने ।
- यसरी लेख्दा गेटको माथिल्लो भागको अक्षर भन्दा पिल्लरको अक्षर सानो हुनु पर्ने ।

हालै निर्माण भएको पतञ्जली सडकको प्रवेश विन्दुमा राखिएको गेटमा माथि उल्लेखित मापदण्ड बमोजिम गर्न नेपाली काग्रेस शितगंगा वडा समितिको कार्यालय वडा नं. ४ लाइ लेखी पठाउने ।

त्यसै गरी भेडामारे सिमलपानी बौरी भाटगाउ चिदीचौर हुदै चोलारानी ढाव पावर विक्रम सडकमा स्वर्गीय समाजसेवी नेत्र बहादुर क्षेत्रीको स्मृती गेट निर्माण गर्न चाहेमा उल्लेखित मापदण्ड बमोजिम गर्न अनुमती दिने ।

प्रमाणित प्रतिलिपि

निर्णय नं. ५

प्रस्ताव नं .५ माथि छलफल गर्दा राष्ट्रय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले जारी गरेको सूचना बमोजिम यही असोज ९ देखि ११ गते सम्म मेघ गर्जन/चटयङ्ग/हावा हुरी सहित भारी देखि धेरै भारी वर्षा तथा केही स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको कारण बाढी पहिरो गेग्रान बहाव आउने भनि आवश्यक सतर्कता अपनाउने तथा पूर्व तयारीको लागि जानकारी प्राप्त हुन अएकोले सो सम्बन्धमा यस नगरपालिकाको सबै वडाहरुमा जोखिम रहन सक्ने भएकोले आ-आफ्नो वडा भित्र वसोबास गर्ने वडावासीहरुलाइ जोखिम क्षेत्रमा नवस्न/सचेत रहन र नजान अनुरोध गर्दै सम्पर्कमा रही आवश्यक समन्वय एवं सहयोग गर्ने निर्णय गरियो।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।